जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १०१ • २०८२ माघ १८ गते आईतवार • 1 Feb. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि महोत्तरीका प्राय: सबै क्षेत्रमा हेभिवेट नेताहरू बीच कडा प्रतिस्पर्धा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १७ माघ**

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि महोत्तरीका प्राय: सबै क्षेत्रमा हेभिवेट नेताहरूबीच कडा प्रतिस्पर्धा देखिएको छ । विशेषत: क्षेत्र नं. १ मा अघिल्लो निर्वाचनमा एकअर्कासँग प्रतिस्पर्धा गरेका नेकपा (एमाले)का नेता लक्ष्मी महतो कोइरी र पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलबीचको योपटकको भिडन्तले चुनावी माहोल थप रोचक बनेको छ । २०७४ सालदेखि निरन्तर एकअर्कासँग प्रतिस्पर्धा गर्दै आएका यी दुवै नेता २०८२ सम्म आइपुग्दा पनि आफ्नो राजनीतिक विरासत जोगाउने दौडमै छन् ।

रोकक पक्ष यो छ- २०७४ को निर्वाचनमा पोखरेल विजयी हुँदा कोइरी निकटतम प्रतिद्वन्द्वी बनेका थिए भने २०७९ को निर्वाचनमा कोइरी विजयी हुँदा पोखरेल निकटतम प्रतिद्वन्द्वी बने । २०७४ को निर्वाचनमा पोखरेलले २३ हजार ७७६ मत प्राप्त गर्दै ४ हजार २८४ मतको अन्तरले विजय सुनिश्चित गरेका थिए । त्यसैगरी, २०७९ को निर्वाचनमा कोइरीले २३ हजार ४०२ मत ल्याएर १ हजार ३० मतको अन्तरले जित हासिल गरेका थिए । मत संख्या झण्डै उस्तै रहे पनि परिणामले पालैपालो जित-हारको इतिहास कोरेको छ । तेस्रो पटक पनि सोही क्षेत्रबाट विरासत जोगाउने घनचक्करमा दुवै नेता पुन: चुनावी मैदानमा छन् । नयाँ भन्दा पुरानाबाटै परिपक्व एजेन्डाको अपेक्षा गरिएको




अवस्थामा अन्तत: कडा प्रतिस्पर्धा यी २ बीच नै हुने राजनीतिसम्बन्धी जानकारहरूको आकलन छ । कोइरीले आफ्नो चुनावी एजेन्डाको मुख्य हतियार सिँचाइ र खानेपानीलाई बनाएका छन् पोखरेलले भने सिँचाइ र खानेपानीको दीर्घकालीन समाधानका लागि चुरे संरक्षण गर्दै पानीलाई चुरेमै होल्ड गर्नुपर्ने वैज्ञानिक आधारहरू अघि सारेका छन् । वातावरण र चुरे संरक्षणसँगै पर्यटनका आधार तयार गरी क्षेत्र नं. १ लाई समृद्ध क्षेत्रका रूपमा विकास गर्ने योजना पोखरेलका मुख्य एजेन्डा हुन् । कोइरी २०७४ को निर्वाचनमा संघीय समाजवादी फोरमबाट र २०७९ मा मनोनयनको अघिल्लो रात एमाले प्रवेश गरी उम्मेदवार बनेका थिए । आफू अभियुक्त रहेको थाहा हुँदाहुँदै पनि वारिसमार्फत मनोनयन दर्ता गराएका कोइरी पक्राउ पर्ने डरले करिब १ वर्ष फरार रहेका थिए । झण्डै डेढ वर्षको संसदीय यात्रामा स्थानीय तहलाई प्रतिनिधिसभासँग जोड्न नसकेको भन्दै उनी आलोचित हुँदै आएका छन् । नयाँ भनिएका अधिकांश अनुहारहरू विगतमा बदनामी बेहोरेका पात्रहरू नै रहेको स्थानीयको बुझाइ पाइएको छ । नेपाली कांग्रेसले नयाँ अनुहारका रूपमा अघि सारेका मुकेश काफ्ले माथि 'अँध्यारोको योजनाकार' भएको आरोप लाग्दै आएको छ । सोलार कम्पनी, इलेक्ट्रोनिक तथा ठूला कम्पनीहरूसँग मिलेर देशलाई लोडसेडिङमा धकेलेको आरोप उनीमाथि अझै कायमै छ । नेपाल विद्युत प्राधिकरणको निर्देशक हुँदा १८ घण्टासम्म लोडसेडिङ भएको विषयमा उनले हालसम्म आफूलाई क्लिन चिट दिन सकेका छैनन् । यही विषयलाई विपक्षीहरूले क्षेत्र नं. १ मा उनलाई कमजोर बनाउने मुख्य हतियार बनाएका छन् । २०६२ सालदेखि बोर्ड सदस्य रहँदै आएका काफ्लेले ऊर्जा क्षेत्र धरासायी बनाएको र गृह क्षेत्रलाई उपेक्षा गरेको गम्भीर आरोप पनि खेप्दै आएका छन् । यद्यपि, उनी आफूलाई ऊर्जा विज्ञका रूपमा प्रस्तुत गर्दै भोट फकाउने प्रयासमा छन् । अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार प्रमोद महतो क्रसर व्यवसायी हुन् । मनोनयनको दिन दर्जनौं भारतीय नम्बर प्लेटका गाडी प्रयोग गरेर मान्छे ल्याएको विषयलाई लिएर पार्टीभित्रै विवाद चर्किएको छ ।

# चुनावको प्रत्यक्ष असर स्थानीय अर्थतन्त्र र समग्र बजारमा देखिन थाले

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १७ माघ**



देश चुनावी रङले ढाकिँदै जाँदा त्यसको प्रभाव राजनीतिक गतिविधिमा मात्र सीमित छैन, यसको प्रत्यक्ष असर स्थानीय अर्थतन्त्र र समग्र बजारमा देखिन थालेको छ ।

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दलहरूको दौडधुप, सभा-समारोह र कार्यकर्ता परिचालन बढेसँगै बजारमा पनि चहलपहल व्यापक बढेको छ ।केही महिनाअघिसम्म सुनसानजस्तै देखिने गौशाला, बर्दिवास लगायत तराई-मधेशका बजार क्षेत्र अहिले राजनीतिक भेटघाट, रणनीति बैठक र चुनावी कार्यक्रमले भरिन थालेका छन् । होटेल, लज र रेस्टुरेन्टमा चहलपहल बढेको छ भने यातायात व्यवसाय, छपाइ उद्योग, साउन्ड सिस्टम र प्रचार सामग्रीसम्बन्धी कारोबार उल्लेख्य रूपमा बढेको छ । बर्दिवास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्काका अनुसार दैनिकजसो सबै दलका उम्मेदवारका कार्यक्रम भइरहेकाले स्थानीय व्यवसायमा नयाँ जीवन आएको छ । निर्वाचन प्रचारप्रसारसँगै पेट्रोलियम पदार्थको खपत बढेको छ, सवारी साधनको माग उच्च छ र साना व्यवसायीहरूमा समेत आशा पलाएको देखिन्छ। अर्थ मन्त्रालयले निर्वाचन प्रयोजनका लागि कुल १९ अर्ब १५ करोड बराबर स्रोत सहमति प्रदान गरेको छ, जसले अर्थतन्त्रमा अस्थायी भए पनि चलायमानता ल्याउने अपेक्षा गरिएको छ । यही चुनावी आशाको छायाँ सेयर बजारमा पनि देखिएको छ। राजनीतिक स्थायित्व र नयाँ नेतृत्वप्रतिको अपेक्षाले लगानीकर्ता सेयर बजारतर्फ आकर्षित भएका छन् । पछिल्लो सातामा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा उच्च कारोबार देखिएको छ । परिसूचकमा उतारचढाव भए पनि कारोबार रकम ऐतिहासिक रूपमा बलियो देखिएको हो ।

# 'पञ्चामृत' मा पोखरेलको दाबी: वर्तमान व्यवस्थाले देशलाई दिशाहीन बनायो




**मिथिलेश सिंह**
**महोत्तरी, १७ माघ**

ॐकार टेलिभिजनबाट नियमित रूपमा प्रसारण हुँदै आएको लोकप्रिय अन्तर्वार्ता कार्यक्रम 'पञ्चामृत' मा महोत्तरी क्षेत्र नम्बर-१ का राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार होमप्रसाद पोखरेल 'कमल' सहभागी हुनुभएको थियो । कार्यक्रम सञ्चालक जीवनराज दाहालसँगको कुराकानीमा उहाँले मुलुकको वर्तमान राजनीतिक अवस्था, राष्ट्रिय पहिचान र विकासका सवालमा आफ्ना धारणा सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा बोल्दै पोखरेलले देशमा व्याप्त राजनीतिक अस्थिरता, आर्थिक संकट र बढ्दो निराशाको मुख्य कारण वर्तमान शासन प्रणाली रहेको उल्लेख गर्नुभयो । उहाँका अनुसार मुलुकलाई स्थायित्व र दिशानिर्देश दिन संवैधानिक राजसंस्था र वैदिक सनातन मूल्यमा आधारित हिन्दु राष्ट्र आवश्यक भइसकेको छ । वर्तमान व्यवस्थाले राष्ट्रियता कमजोर बनाउँदै देशलाई दिशाहीन बनाएको उहाँको भनाइ छ ।

बर्दिवास-१ मा जन्मिनुभएका तथा हाल स्नातकोत्तर तहमा अध्ययनरत पोखरेलले आफू किसान परिवारबाट आएको बताउँदै जनताको दु:ख-सुख नजिकबाट बुझेको दाबी गर्नुभयो । २०७८ सालमा राजेन्द्र लिङ्देन पार्टी अध्यक्ष निर्वाचित भएपछि सक्रिय राजनीतिमा प्रवेश गर्नुभएका उहाँले विशेष परिस्थितिमा उम्मेदवारी दिनुपरेको प्रसङ्गसमेत कार्यक्रममा राख्नुभयो ।






## सम्पादकीय...................

# नेपाललाई समृद्ध बनाउनुपर्छ

*राजनीति एउटा यस्तो खेल हो जहाँ जनताले खेल्न जानेनन् भने तिनै जनतालाई नेताहरूले नै 'खेलौना' बनाइदै आईरहेको देखिन्छ। घोषणापत्रका बुँदाहरूलाई विकासको आधार बनाउन जनताले खबरदारीको लट्ठी सधैं ठड्याइराख्नु परिरहेको देखिन्छ। जनताले केवल प्रश्न सोध्ने होइन, उत्तर खोज्ने हिम्मत पनि गर्नुपर्छ । जबसम्म मतदाता 'भेडा' भइरहन्छ, तबसम्म नेताहरू 'ब्वाँसो' भइरहनेछ । समृद्ध नेपाल तबमात्र सम्भव हुन्छ, जब नेताको नियत सफा र जनताको चेतना तिखो हुन्छ । नभए, प्रत्येक ५ वर्षमा आउने निर्वाचन केवल 'भ्रमको खेती' र 'सपनाको व्यापार' मात्र सिमित हुने देखिन्छ। नेपालमा निर्वाचनपछि बन्ने नयाँ सरकारले सुशासन कायम गर्न र देशलाई समृद्धिको बाटोमा लैजान विश्वका विकसित मुलुकहरू (सिंगापुर, स्विट्जरल्यान्ड आदि) ले अपनाएका सफल अभ्यासहरूलाई आत्मसात् गर्न आवश्यक रहेको देखिन्छ। सुशासन भनेको केवल भाषण होइन, यो त 'प्रणाली' रहेको छ। यदि नयाँ सरकारले व्यक्तिगत स्वार्थ त्यागेर विश्वव्यापी अभ्यासलाई नेपाली माटो सुहाउँदो गरी लागू गर्ने हो भने नेपाललाई समृद्ध बनाउन समय लाग्दैन।*

# सिराहा निर्वाचन क्षेत्र नम्बर १ र २ मा पुराना दलका उम्मेदवारलाई चुनौती

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १७ माघ**

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा जेनजी आन्दोलनको अगुवाइ गरेका बब्लु गुप्ता र शिवशङ्कर यादवले सिराहा निर्वाचन क्षेत्र नम्बर १ र २ मा पुराना दलका उम्मेदवारलाई चुनौती थप्नुभएको छ।


बब्लु गुप्ता र शिवशङ्कर यादव

सिराहाको चार वटै निर्वाचन क्षेत्रमा जेनजी आन्दोलनमा सहभागी युवाको उम्मेदवारी रहे पनि सिराहा निर्वाच क्षेत्र नम्बर १ मा निवर्तमान युवा तथा खेलकुदमन्त्री रहनुभएका बब्लु गुप्ताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवारी दिएपछि पूर्वमन्त्रीसमेत रहनुभएका नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार रामचन्द्र यादव, नेपाली कांग्रेसका उम्मेदवार रामसुन्दर चौधरी, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एमालेका उम्मेदवार रामशङ्कर यादव, जनाता समाजवादी पार्टीका उम्मेदवार सत्यनारायण यादव र जनमत पार्टीका उम्मेदवार रामस्वरूप चौधरीलाई चुनावी प्रतिस्पर्धामा चुनौती थपिएको छ।

जेनजी आन्दोलनका अर्का अगुवा शिवशङ्कर यादव सिराहा क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसका उम्मेदवार रामचन्द्र यादव, नेकपा एमालेका उम्मेदवार नवीनकुमार यादव र नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार मुक्तिनारायण सिंह, जनता समाजवादी पार्टीका उम्मेदवार सञ्जीव यादव र जनमत पार्टीका उम्मेदवार विनोदकुमार यादवलाई चुनौती दिइरहनुभएको छ। जेनजी आन्दोलनमा सिराहाका तीन अगुवाहरूमध्ये बब्लु गुप्ता र शिवशङ्कर यादव प्रत्यक्ष उम्मेदवार हुनुभएको छ भने पुरुषोत्तम यादव समानुपातिक सूचीमा समेटिनुभएको छ।

# पूजालाई कप्तानको जिम्मेवारी



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १७ माघ**

थाइल्याण्डमा अर्को महिना हुने एसीसी एसिया कप राइजिङ स्टार्समा नेपाली महिला क्रिकेट टोलीको कप्तानी पूजा महतोले गर्ने भएकी छिन्। नेपाल क्रिकेट संघ (क्यान)ले पूजाको कप्तानीमा खेल्ने टोलीको घोषणा गरेको हो। नियमित कप्तान इन्दु बर्मा चोटका कारण मैदान बाहिर रहेपछि पूजाले कप्तानको जिम्मेवारी पाएकी हुन्।

आईसीसी महिला टी-ट्वान्टी विश्वकप छनोट अन्तर्गत गएको हप्ता स्कटल्याण्डसँगको खेलमा इन्दु घाइते भएकी थिइन्। पूजा राष्ट्रिय टोलीकी नियमित उप-कप्तान हुन्। नेपाली टोलीले आउँदो फागुन १ देखि १० गते अर्थात् (फेब्रुअरी १३ देखि २२ तारिख) सम्म चल्ने राइजिङ स्टार्समा प्रतिस्पर्धा गर्नेछ। प्रतियोगितामा ८ टोली सहभागि हुनेछन्। समूह 'ए' मा नेपालसहित भारत 'ए', पाकिस्तान 'ए' र युएई रहेका छन्। बंगलादेश 'ए', श्रीलंका 'ए', थाइल्याण्ड र मलेसिया समूह 'बी' मा छन्। राउन्ड रोबिन लिगपछि समूहका शीर्ष दुई टोली सेमिफाइनल पुग्नेछन्। नेपालले फागुन १ गते पाकिस्तान 'ए' सँग खेल्दै प्रतियोगिताको शुरुआत गर्नेछ। त्यस्तै फागुन ३ गते युएई र ५ गते भारत 'ए' सँग खेल्नेछ।





अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: पढाईमा ध्यान दिनुपर्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: विचार गरेर बोल्नुहोला
कन्या: लामो यात्राको योग छ
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: अनावश्यक चिन्ता
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पुजा आरती : ०५:३० बजे
बिहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पुजा आरती : ०७:३० बजे
बिहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# राष्ट्रसङ्घ गम्भीर वित्तीय सङ्कटमा: जुलाईसम्ममा नगद भण्डार रित्तिने गुटेरेसको चेतावनी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ माघ



संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सदस्य राष्ट्रहरूले वार्षिक योगदान र संरचनात्मक कोष जम्मा नगर्दा विश्व निकाय चरम वित्तीय सङ्कटतर्फ धकेलिएको चेतावनी दिएका छन् । सबै सदस्य राष्ट्रहरूलाई सम्बोधन गर्दै उनले वित्तीय नियमहरूमा तत्काल सुधार गर्न वा सङ्गठनको सम्भावित पतनको वास्तविकता सामना गर्न तयार रहन आग्रह गरे ।

अल जजिराका अनुसार गुटेरेसले बाँकी बक्यौता रहेका देशहरूलाई तुरुन्त आफ्नो दायित्व पूरा गर्न आह्वान गरेका छन्। संस्थाको प्रवक्ता फरहान हकले पनि विगतका वर्षहरूमा जस्तो काम सञ्चालन गर्न अहिले संस्थासँग नगद भण्डार र तरलता नभएको भन्दै गम्भीरता दर्शाएका छन् । यो सङ्कट विशेष गरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बहुपक्षीय निकायहरूका लागि वासिङ्टनको आर्थिक सहयोग कटौती गर्ने कदम चालेसँगै थप गहिरिएको हो। ट्रम्प प्रशासनले संयुक्त राष्ट्रसङ्घका धेरै एजेन्सीहरूबाट फिर्ता हुने र आर्थिक सहयोग रोक्ने योजना घोषणा गरेको छ भने 'बोर्ड अफ पिस' जस्ता आफ्नै पहलहरूलाई बढावा दिएको छ । विद्यमान प्रणालीअनुसार अमेरिकाले मुख्य बजेटको २२ प्रतिशत र चीनले २० प्रतिशत योगदान गर्नुपर्ने हुन्छ। गुटेरेसका अनुसार सन् २०२५ को अन्त्यसम्ममा सदस्य राष्ट्रहरूबाट एक अर्ब ५७ करोड अमेरिकी डलर भुक्तानी पाउन बाँकी छ, जसले संस्थाको दैनिक कार्यसञ्चालनमा नै बाधा पुऱ्याएको छ ।

आर्थिक दबाब बढ्दै गएपछि संयुक्त राष्ट्रसङ्घले सन् २०२६ का लागि गत वर्षको तुलनामा ७ प्रतिशतले कम अर्थात् तीन अर्ब ४५ करोड डलरको बजेट स्वीकृत गरेको छ ।

# आचारसंहिता पालना गराउन निर्वाचन आयोग सक्रिय, २१ स्पष्टीकरण सोधियो, ३०२ हानिकारक सूचना

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ माघ




निर्वाचन आयोगले आचारसंहिता उल्लङ्घनलाई नियन्त्रण गर्न तीव्रताका साथ आफ्ना गतिविधि अगाडि बढाएको छ। आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभाको निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय बनाउनका लागि निर्वाचन आचारसंहिता, २०८२ कार्यान्वयनमा ल्याएको छ । आचारसंहिताको पूर्ण पालनाका गराउन आयोगले सरोकारवाला सबै पक्षलाई ध्यानाकर्षण गराउँदै आएको छ। केन्द्रीय आचारसंहिता अनुमगन समितिमा प्राप्त उजुरी र जानकारीका आधारमा हालसम्म राजनीतिक दल, उम्मेदवार र संस्था गरी २१ वटा स्पष्टीकरण सोधिएको थियो । त्यसमध्ये पाँच वटाको मात्रै जवाफ प्राप्त भएको र बाँकी जवाफका लागि ताकेता भइरहेको आयोगले जनाएको छ । आचारसंहिताको उल्लङ्घन हुने गरी मिथ्या एवम् भ्रमपूर्ण र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्न र गैरकानूनी कार्य गर्ने व्यक्ति वा संस्थालाई नियामक निकायसँगको सहकार्यमा कानूनी दायरामा ल्याउन पहल भइरहेको आयोगले जनाएको छ ।

# 'चुल्हो-चौको'मा नेपाली समाजको यथार्थ

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ माघ



इन्टर मिडिया र सुरसिनेमाको संयुक्त प्रस्तुतिमा निर्माण भएको सामाजिक-पारिवारिक सिरियल 'चुल्हो-चौको' औपचारिक रूपमा सार्वजनिक भएको छ। यस सिरियलाई इन्टर मिडियाको युट्युब च्यानलमार्फत रिलिज गरिएको हो ।

नेपाली समाजको यथार्थ जीवनलाई केन्द्रमा राखेर तयार पारिएको यस सिरियलले घरभित्रका संघर्ष, पारिवारिक सम्बन्धका उतार-चढाव, सामाजिक मूल्य र संस्कारलाई कथावस्तु बनाएको निर्माण पक्षले जनाएको छ । निर्माण टिमका अनुसार पछिल्लो समय कमजोर बन्दै गएका पारिवारिक सम्बन्ध, समाजभित्र लुकेका पीडा तथा नबोलेका आवाजलाई पर्दामा उतार्नु सिरियलको मुख्य उद्देश्य हो। साथै, नयाँ पुस्तालाई संस्कृति, जिम्मेवारी र मानवीय मूल्यप्रति सचेत गराउने प्रयास यसमा गरिएको छ । सिरियलको कथा तथा निर्देशन सुदर्शन चापागाईंले गरेका छन्। कथालेखनमा प्रयास बोहोरा, दिनेश शर्मा र कञ्चन परियार संलग्न छन् ।

गीत-संगीततर्फ शब्द र स्वर सुदर्शन चापागाईं र प्रदीप ढकालको रहेको छ भने संगीत प्रदीप ढकालकै रहेको छ ।

संगीत संयोजन, मिक्सिङ तथा मास्टरिङ विशम आचार्यले गरेका हुन् ।

# टी-२० विश्वकपको २० वर्षे यात्रा : गेलको शतकदेखि कोहलीको बिदाइसम्म

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ माघ




आईसीसी पुरुष टी-२० विश्वकप सुरु भएको करिब दुई दशक पूरा हुन लागेको छ । सन् २००७ मा दक्षिण अफ्रिकामा आयोजित पहिलो संस्करणमा भारतले उपाधि जितेसँगै क्रिकेटले नयाँ युगमा प्रवेश गरेको थियो ।

१२ टोलीबाट सुरु भएको यो प्रतियोगिता सन् २०२६ मा २० टोलीसहित १०औं संस्करणसम्म आइपुग्दा विश्व क्रिकेटको सबैभन्दा रोमाञ्चक र लोकप्रिय प्रतियोगितामध्ये एक बनेको छ । अहिलेसम्म ६ वटा राष्ट्रले टी-२य उपाधि जितेका छन्। वेस्ट इन्डिज, इंग्ल्यान्ड र हालका च्याम्पियन भारत मात्र दुई-दुई पटक उपाधि जित्न सफल भएका टोली हुन् । भारत र श्रीलंकामा आयोजना हुने २०२६ को संस्करणअघि, टी-२० विश्वकपको यात्रालाई एकपटक फर्केर हेर्ने प्रयास गरिएको छ । नयाँ स्वरुपको क्रिकेट: २१औं शताब्दीमा टी-२० क्रिकेट विश्व खेलकुदकै सबैभन्दा तीव्र गतिमा फैलिएको फर्म्याटमध्ये एक बनेको छ। तर सुरुवाती दिनमा इंग्ल्यान्डको काउन्टी क्रिकेटमा यस फर्म्याटप्रति निकै सन्देह थियो । नयाँ दर्शक भित्र्याउने र खेललाई सरल बनाउने उद्देश्यले सन् २००३ मा पहिलोपटक व्यावसायिक रूपमा सुरु गरिएको टी-२० क्रिकेटले केही वर्षमै विश्व क्रिकेटको स्वरुप नै परिवर्तन गरिदियो ।




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# के बालेन प्रधानमन्त्रीका लागि योग्य छन् ?



-रास्वपाले बालेन शाहलाई प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरेपछि उनको योग्यतामाथि बहस सुरु भएको छ । काठमाडौंको मेयरको कार्यकालमा बालेनले चुनावी घोषणापत्रका योजनाहरू कार्यान्वयन गर्न सकेनन् । बालेनको शासनशैली र सामाजिक सञ्जालमा उनको उपस्थितिले युवा पुस्तामाझ लोकप्रियता बढाएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरेको बालेन शाह प्रधानमन्त्रीका लागि योग्य पात्र हुन् वा होइनन् भन्ने बहस यतिबेला तीव्र रूपमा चलिरहेको छ। झन्डै तीन वर्ष काठमाडौँको मेयरका रूपमा काम गरेर 'टेस्टेड' भएपनि बालेन को हुन् ? कस्ता व्यक्ति हुन् ? उनको राजनीतिक सिद्धान्त के हो ? उनले गर्न खोजेको आर्थिक-सामाजिक रूपान्तरण कस्तो हो ? भन्नेबारे धेरैलाई प्रस्ट जानकारी छैन । काठमाडौँको मेयरका लागि उम्मेदवारी दिएपछि एकाएक चर्चामा आएका बालेन आयुर्वेदिक चिकित्सक डा. रामनारायण शाह र धुव्रादेवी शाहका छोरा हुन् । काठमाडौँको नरदेवीमा जन्मिएका उनी हाल गैरिगाउँ, तीनकुनेका स्थायी बासिन्दा हुन् । उनको पुर्खौली थालो भने मधेस प्रदेशमा रहेको महोत्तरी जिल्ला हो ।

शाहको प्रारम्भिक शिक्षा काठमाडौँ नरदेवीमा रहेको जलजला स्कुलबाट भएको हो भने स्कुलपछिको उच्च माध्यमिक तहको अध्ययन काठमाडौँ तीनकुनेमा अवस्थित भीएस निकेतनबाट भएको हो । उनको स्नातक तहको अध्ययन काठमाडौँमै रहेको हाइट हाउस कलेजबाट भएको थियो । त्यहाँ उनले सिभिल इन्जिनियरिङको अध्ययन गरेका थिए । बालेनको आफ्नै नाममा रहेको 'बालेन कन्सल्टिङ र कन्स्टक्सन प्रालि' का उनी सञ्चालकका साथै ऱ्याप ब्याटल गायक हुन् उनी । बालेन राजनीतिक पृष्ठभूमिको मान्छे नभए पनि उनले आफूलाई युवाहरू माझ लोकप्रिय बनाएका छन् । सैद्धान्तिक मान्छे नभए पनि उनी राजनीतिमा चासो राख्छन् भन्दा फरक पर्दैन । किनभने काठमाडौँ महानगरको निर्वाचनमा रन्जु दर्शनालाई चुनाव जिताउन उनी विवेकशील नेपाली दलसँग नजिक रहेर काम गरिरहेका थिए । बालेन मेयर भएपश्चात उनका सहयोगी अहिलेका गृहमन्त्री ओमप्रकाश अर्याल, भूपदेव शाह, सस्मीत पोखेल र धिरज जोशीहरू विवेकशीलमै थिए ।

अब कुरा गरौँ बालेनको शासनमा काठमाडौँले अभूतपूर्व प्रगति गरेको छ, भनी ब्रान्डिङ गर्न खोजिएको भ्रम र यथार्थ बारे । अन्तर्मनदेखि भन्नुपर्दा हिजोको तुलनामा आज काठमाडौँ सफा र सुन्दर भएको छ । तर बालेनले मेयर हुनका लागि चुनावी घोषणापत्रमा समावेश गरेका योजनाहरू कुनै पनि साकार भएका छैनन् । उनले आफ्नो तीन वर्षको कार्यकालमा ती योजना सुरु नगरेका मात्र होइनन्, त्यसबारे एक शब्द उच्चारण पनि नगरी मेयर पदबाट राजीनामा गरेका छन् । त्यतिबेला उनले गरेका प्रतिबद्धताहरू किन कार्यान्वयन हुन सकेनन् भनेर काठमाडौं बासीप्रति जबाफदेही समेत भएनन् उनी । अर्थात् बाचा गर्ने, काम नगर्ने भन्दा अतिशयोक्ति नहोला । फोहोर व्यवस्थापन र रोजगारी: झट्ट हेर्दा काठमाडौँका सडक र कुनाकाप्चाहरूमा फोहोरको थुप्रो नदेखिएता पनि घोषणापत्रमा उल्लेख गरे अनुसारको प्रतिबद्धता पनि पूरा भएको छैन । काठमाडौँ महानगरबाट निस्किने फोहोरबाट जैविक मल बनाउने र त्यसलाई काठमाडौँभित्र मात्र होइन; धादिङ, काभ्रे लगायतका जिल्लामा बिक्री गर्ने दीर्घकालीन योजनामा रत्तीभर काम हुन् सकेन उनको कार्यकालभर । फोहोरबाट पैसा कमाउने र युवाहरूलाई रोजगार दिने कुरा, काममा त परै जाओस् घोषणापत्रमा लेखिएको भन्दा अर्को कुनै पानामा लेख्ने काम समेत भएन । कुनैबेला बालेनका अनन्य मित्र समेत रहेका निकोलस भुसाल भन्छन्- 'गफाडीका गफै धेरै' । फोहोर जलाउन 'इन्सिनेरेटर' मेसिन जडान गर्ने कुरा रहेछ तर त्यसको पनि कार्यान्वयन हुन सकेन । र, अहिले पनि बञ्चरेडाँडामा रहने स्थानीयहरु उपत्यका तिर फर्केर धारेहत लगाउने गर्छन । कारण हो- त्यहाँका नागरिकलाई रोजगारी दिन्छौँ भन्ने झुटो आश्वासन ।

प्रदुषण मुक्त काठमाडौं: विश्वदृष्टिमा आज काठमाडौँ प्रदूषित सहरमध्ये एकमा पर्छ । यो कठिन काम गफले मात्रै हुँदैन । तर, पूरा गर्न नसकिने प्रतिबद्धता गर्नु हदैसम्मको झुट हो । सस्तो लोकप्रियताका लागि मिठा गफ र झुटो आश्वासनले मात्रै कसरी बालेन सिटी बन्छ ? बजेट विनियोजन: काठमाडौँ महानगरपालिकाको कुल १५ अर्ब बजेटमध्ये जम्मा ६ अर्ब ७३ करोड खर्च भएको देखिन्छ । उक्त बजेटबाट भौतिक पूर्वाधार विकास, पर्यटन, रोजगार, सम्पदा संरक्षण र गुठीहरूमा चलायमान हुनुपर्ने तर त्यसो हुन् सकेन । अर्थात् उनीसँग बजेट खर्च गर्ने योजना नै छैनन् । न उनीसँग बजेट व्यवस्थापन गर्ने तौरतरिका नै छ । भक्तपुर नगरपालिकाका मेयर सुनील प्रजापति र ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले गरेका कामको दाँजोमा बालेनको काम छायामा पर्छ ।

**साभार : रातोपाटी ।**


## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फलु, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क व्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढ्ने, कार्बन मोनोक्साईडको मात्रा शरिरमा बढ्ने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राख्नका लागी तातो झोलिलो खानाहरु आवश्यक मात्रामा सेवन गर्नुपर्दछ,
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सवारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर वा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ बिशेष गरि बिहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा बृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्कालै औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्बक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

अनुरोधकर्ता
सम्सी गाउंपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला











अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday